RNI No.: 21918/71

# गोर्खाली सुधार सभा

17 अप्रैल 1938

मासिक समाचार पत्र

वर्ष - 51 | अंक - 5 | मई 2022 मासिक पत्रिका | मूल्य 9/- | पृष्ठ 12












छात्रवृत्ति वितरण











मुख्य अतिथि दार्जिलिंग लोकसभा सांसद राजू बिष्टज्यू

17 अप्रैल 1938

**गोर्खाली सुधार सभा**

17 अप्रैल 1938
गोर्खाली सुधार सभा, देहरादून
वर्ष - 51, मई 2022

**सम्पादक**
कर्नल (अ.प्रा.) जीवन कुमार क्षेत्री

**विशेष सहयोग**
श्रीमती प्रभा शाह

**स्वामी/मुद्रक/प्रकाशक**
अध्यक्ष
गोर्खाली सुधार सभा

**मुख्य कार्यालय**
गोर्खाली सुधार सभा
मेजर धनसिंह थापा परमवीर चक्र मार्ग,
गढ़ी कैन्ट, देहरादून
फोनः 0135-2756070,
9897440879

**वितरक**
सभा शाखाध्यक्ष
डिजाइनिंग टाइप सेटिंग
विमला थापा एवं
करूणा क्षेत्री

**प्रकाशन कार्यालय**
वाणी प्रिंटिग प्रेस, घोसी गली,
देहरादून, उत्तराखण्ड

नोटः पत्रिकामा प्रकाशित लेखहरूको लागि सम्पादक मण्डल एवं प्रेसको सहमति हुन आवश्यक छैन। समस्त विवादहरूको न्यायालय क्षेत्र देहरादून छ।

# सम्पादकीय

भारत बर्षमा गोर्खाहरूलाई घरि घरि म फलाना हुँ, म ढिस्कना हुँ, भनेर परिचय कहिले सम्म दिनु? कारण अहिले सम्म हाम्रो अस्तित्वको टुंगो लगाउन सकेको छैनों यद्यपि हाम्रो अस्तित्व माथि प्रश्न चिन्ह लगाउनेहरूलाई समुदायको हरेक सदस्य सठीक जवाब दिनु सक्ष्म हुनु पर्छ, हिम्मत हुनु पर्छ। सहि समयमा सहि जवाब अनि सठीक र अटल जवाबले मात्र हाम्रो अस्तित्वको सन्देश चारै कुनामा पुग्न सक्छ। कमिला सरि हाम्रो दाजु भाई, दिदी बहिनीहरू प्राय सबै राजनैतिक पार्टिमा सक्रिय कार्यकार्ता रूपमा आफ्नो–आफ्नो योगदान पुर्‍याइरहेका छन्। तर यी पार्टीका नेतृत्वहरूलाई हाम्रो बारेमा सहि सन्देश पुरयाउन सकेका छैनन् कारण, ज्ञानको कमि, आत्मा विश्वासको कमि, संकुचित भावना या जाति, समाज प्रति सम्मानको कमि। बाहिर बाट ज्ञान बटाँने र सक्रियता देखाउनेहरू पनि थुप्रै छन् तर यो पनि आवाजमा मात्र सिमित छ।

आवश्यकता छ हामी सबैलाई आफ्नै आत्मा निरीक्षणको अन्तदर्शनको (INTROSPECTION) अनि एउटै सोंच र निर्णयले अधि बड़नु पर्छ। आफ्नो अस्मिताको, अस्तित्वको, अधिकारको अनि सम्मानको निम्ती देशको अन्य नागरिक जस्तै सम्मान सित सबै सित काँधमा काँध मिलाएर बड़न सकौ। हामी कहाँ छौं!! 200 बर्ष भन्दा बेसी भयो यो भुमीमा बसो बासो गरि आएको, हाम्रो भाषाले संवैधानिक मान्यता पाएता पनि सबै राज्य सरकारले यसलाई स्वीकारेको छ भमेर भन्न सकिन्न कारण प्रत्यक्ष रूपमा केहि देखिएको छैन सायद, सभा र संस्थाहरू सक्ष्म तब होला जब, सबैको सहमति, समर्थन सहभागिता अनि सक्रियता हुन्छ। सभाको शताब्दी दिवस मनाउने समय नजिक आइ रहेको छ। सभा सक्रिय भए पनि  समाज र समुदायको सक्रिय ता हुनु पर्छ, सकारात्मक सोच संकल्प, सहभागिता अनि सक्रियता।

## अध्यक्षको कलमबाट


श्री पदम सिंह थापा

गोर्खाली सुधार सभाले आफ्नो 84औं स्थापना दिवस 17 अप्रैल 2022मा भव्यरूपमा सफलतापूर्वक मनायो। 84 वर्षको सभाको लामो यात्रा,सफलता पूर्वक निरन्तरता सित अधि बढ़ि रहेको छ, जो ऐतिहासिक हो, अनि सराहनीय छ। कुनै संस्था र सरकार बाट केहि तोकिएको वित्तीय मदत नपाउन सके, पनि समाजको उदार परिवार, केहि राजनैतिक नेताहरूको उदारताको कारण, सभा आफ्नो उदेश्य र लक्ष्य प्राप्त गर्नु सफल रहेको छ। साथै समय अनुसार यथायोग्य सम्पत्ति जोड़न सफल रहेको छ जसको निम्ती सभा ती दिग्गज र उदार दानकर्ता प्रति सदैव धन्यवाद र कृतज्ञता व्यक्त गर्छ। शिक्षा क्षेत्रमा ती छात्र–छात्राहरूलाई वित्तीय मदत पुर्‍याउनु पर्छ, जो Professional Institution (Medical, Law, Business, Engineer)मा शिक्षा प्राप्त गरि रहेका छन्, उनीहरूलाई सभाले चाहे जस्तो वित्तिय मदत पुर्‍याउन पर्छ, जसको कारण उनीहरूको अभिभावकहरूको आर्थिक बोझ केही हल्का हुन सकोस्। हाम्रो नानीहरू कति छन् यो Professional Institute मा पढ़नेहरू? नानीहरूलाई विश्वास हुनु सकोस् की सभा र समाज सक्षम छ! यो युवाहरूको उच्च शिक्षाको निम्ती आर्थिक मदत जुटाउनुको निम्ती, जसको कारण पढ़ाउन क्षमता नभएको अभिभावकहरूको बोझ कम हुने छ। सबैले सकंल्प लिएर या शताब्दी मनाउन सकौ स्न 2038, मा एक सृदड, शिक्षित, सक्ष्म अनि विकसित समाज र समुदायको रूपमा।

जय हिन्द, जय गोरव

## महामंत्रीको कलमबाट


श्री गोपाल क्षेत्री

समय अविरल छ गतिशील छ, निर्विरोध छ, मूल्यवान छ शक्तिशाली छ। सफलताको निम्ती समयको सदुपयोग सकारात्मक सोंचको साथ सकारात्मक व्यवहार साथै यसको सकारात्क उपयोगको आवश्यकता छ। केवल सकारात्मक सोचेले मात्र सफलता पाउन सकिन्न। यसको साथ समयको सकारात्मक सदुपयोगको आवश्यकता छ। समयलाई नियंत्रण राख्नुको निम्ती हामी स्वयं व्यवस्थित हुनु पर्छ। आउने समयको तैयारी पहिले देखि हुनु पर्छ। भोलीको कामको तैयारी पहिले गरे कामलाई निपटाउनु या सफल बनाउनु सक्ष्म हुन्छौ। यसर्थ हरेक योजनाहरू समयबद्ध भए काम पूर्ण हुन्छ सफल हुन्छ समयको वचत हुन्छ, समय नियंत्रित हुन्छ। हाम्रो समयको सदुपयोगमा केहि न केहि सकारात्मक सोंच र प्रयोगको परिवर्तन जरूरी छ। कुनै पनि क्षेत्रमा हामी पछि छैनौं र पनि अन्य समाज जस्तै विकसित र सुदृड़ हुन सकेको छैनौं। समयलाई सदुपयोग गरौ एक सुनौलो अवसर मानी, हाम्रो विकासको निम्ती प्रगतिको निम्ती सुदृड़ताको निम्ती।

# 08 मई 2022 अंतरंग सभा, गोर्खाली सुधार सभा

1. गत महीनाको अंतरंग सभा गोर्खाली सुधार सभाको जनरल मानेकशॉ सभागारमा दि. 09 अप्रैल 2022 विहान 11 बजे माननीय अध्यक्ष श्री पदम सिंह थापाज्यूको अध्यक्षतामा समपन्न भयो। अंतरंग सभाका विवरण यस प्रकार छः—

क) स्वागत सम्बोधन — महामंत्री श्री गोपाल क्षेत्री ज्यूले सभामा उपस्थित शाखाध्यक्ष, केन्द्रीय कार्यकारिणी, पूर्व अध्यक्ष तथा आमंत्रित सदस्यगणको स्वागत गर्नु भयो। साथै अंतरंग सभामा उपस्थितीको निम्ति आभार व्यक्त गर्नु भयो।

ख) दिवंगतहरू प्रति श्रद्धांजली—विगत महिनामा दिवंगत हुनु भयेका सदस्यहरूको आत्माको शान्ति निम्तिको तथा परिवारले पीडा सहने शक्ति पाउन भनी दुई मिनटको प्रार्थना गरियो। दिवंगतहरूको सूची :—

| | | |
|---|---|---|
| कु. रंजना प्रधान | गढ़ी | 6 / 04 / 2022 |
| श्री किशोर सिंह थापा | रायवाला | 07 / 04 / 2022 |
| श्री दीला राम थापा | पूरोहितवाला | 25 / 04 / 2022 |
| श्रीमती कृष्णा क्षेत्री | पूरोहितवाला | — |
| के. होम बहादुर थापा | सेलाकुई | 19 / 03 / 2022 |
| श्री राम बहादुर शाही | सेलाकुई | 24 / 03 / 2022 |
| श्री राम बहादुर थापा | भगवानपूर | — |

ग) आमंत्रित अतिथिको सम्बोधन :—

i) श्री राजीव ठाकुर,शिक्षाविद् कालीदास रोड — हाम्रो समुदायले शिक्षा क्षेत्रमा अघि बढ़ी रहेको छ। मातृ भाषाको साथ—साथ अंग्रेजीको ज्ञान बारे जानकारी राख्नु पर्छ। अंग्रेजी भाषा सिख्नु वर्तमानमा टेक्नोलोजी विकसित भयेको छ। आफ्नो मोबाइल, लेपटॉपमा एप्लिकेशनहरू आयेको छ सजिलोछ, ज्ञान प्राप्त गर्नु होस।

ii) डा. हर्क बहादुर क्षेत्री इतिहासकार तथा शिक्षाविदु गुवाहाटी — भारतमा गोर्खाहरूको इतिहास तथा जीवन यापन धेरै वर्ष अघिदेखि छ। हामी सबैले जान्नु पर्छ तथा हामीले त्यो इतिहासलाई बोकेका छौं त आपसमा जानकारी दिने प्रयास गरौं। यही अभियान लिएर उत्तराखण्डमा आयेको छु मसित भयेको जानकारी हजुरसंग बाँटने छु तथा हजुर पनि यस्तै प्रकारले यहाँको जानकारी उपलब्ध गराई दिनु होला। यस पछी मेरो छत्तीस गढ़को जानकारी निम्ति भ्रमण हुने छ। आजको यस अंतरंग सभामा मलाई समय तथा सम्मान दियेकामा ह्रदय देखि आभार व्यक्त गर्द छु, धन्यवाद।

2. अंतरंग सभाका ऐजेण्डाहरू :—

क) बैंक भवनको किराया बृद्धि / अनुबन्ध।

ख) स्थापना दिवस आयोजनको सम्पूर्ण जानकारी, छात्रवृत्ति तथा सम्मान सूची अन्य सूचनाहरू तथा विवरण।

ग) असमका डा. हर्क बहादुर क्षेत्रीज्यूको गोर्खा इतिहास बारे सम्बोधन तथा छलफल।

3. अंतरंग सभाको सम्पुष्टि — विगत माहमा अंतरंग सभाको बून्दाहरूको निष्कर्ष तथा विवरणहरू सभा समक्ष प्रस्तुत भयो सभाले सम्पुष्टि दियो, महामंत्रीज्यूले उपस्थित महानुभावले सम्पुष्टि दिएकोमा आभार व्यक्त गर्नु भयो।

4. आय—व्ययको सम्पुष्टि — माननीय कोषाध्यक्ष श्री प्रदीप क्षेत्रीज्यूले आय व्ययको व्योरा अंतरंग सभा समक्षमा प्रस्तुत गर्नु भयो। शंकाहरूको सफल निष्पादन दिये पछि सभाले आय—व्ययको सम्पुष्टि दियो।

5. सभाद्वारा पत्राचार : —

क) गोर्खा फाउन्डेशन द्वारा शीघ्र छात्रवृति प्रक्रिया शुरू गर्नु निम्ति हामीले ईमेल गरेका छौं।

ख) शुभकामना सन्देश आमंत्रण निम्ती माननीय मुख्यमंत्रीज्यूलाई पत्र दियेका छौं।

ग) उपप्रबन्धक फर्म सोसाइटीज श्री भुवेश तिवारी

लाई सभाको नवीनीकरण अंविलम्ब गर्नुको निम्ति पत्र दियेका छौं।

घ) स्थापना दिवस आयोजन अनुमति निम्ति सिटी मजिस्ट्रेट देहरादूनलाई अनुरोध पत्र दियका छौं।

कृ) युवाहरूको सेवा योजनामा सहयोग निम्ती आर्चाय बालकृष्ण पतांजली प्रभारीज्यूलाई निवेदन पठायेका छौं।

6. अन्य सुझावहरू –

क) स्थापना दिवस स्मारिकामा छाप्ने लेखहरू प्राप्त भयेका छन साथै माननीय मुख्यमंत्री उत्तराखण्ड, AIGEWA को अध्यक्ष, बलभद्र खलंगा विकास समिति तथा रेडियो घाम छाँयादेखि शुभकामना संदेश प्राप्त गरेका छौं।

ख) स्थापना दिवस आयोजनमा उपस्थिती हेतु माननीय मुख्यमंत्री उत्तराखण्ड, दार्जिलिंग सांसद श्री राजू विष्ट, टिहरी सांसद श्रीमती माला राज्य लक्ष्मी शाह, कृषि मंत्री उत्तराखण्ड श्री गणेश जोशी आदिहरूको पुष्टि प्राप्त भयेको छ।

ग) AIGEWA विशेष छात्रवुति शाखाहरूका वितरण गर्ने छौं।

7. महामंत्रीको निवेदन –

क) स्थापना दिवस आयोजन तैयारी हजुरहरूले धेरै परिश्रम गर्नु भयेको छ। यसै प्रकारले आयोजन सफलताको निम्ती हामी सबै मिली प्रयास तथा प्रार्थना गरौं।

ख) डा. हर्क बहादुर क्षेत्रीज्यूलाई यथा सम्भव इतिहासको जानकारी उपलब्ध गराउने हामी सबैले सहयोग गरौं।

8. उपस्थित महानुभावहरूको सुझाव :–

क) श्री बुद्ध बहादुर गुरूंग , शाखाध्यक्ष छिद्दरवाला – स्थापना दिवस आयोजनमा शाखा तथा संघ संस्थाका पदाधिकारीहरूलाई निमंत्रण सबैलाई प्राप्त भयेको छैन, शीघ्र उपलब्ध गर्ने निवेदन छ।

ख) श्री लीला सिंह वली क्षेत्री, शाखाध्यक्ष चकराता – सानो–सानो राशिको छात्रवृति तथा अन्य सबै छात्रवृतिहरू सभाकोषमा एक स्थानमा एकत्र एक द्वारा समान रूपमा वितरण गर्नु होस।

ग) श्री पदम शाही, शाखाध्यक्ष चन्द्रबनी – केन्द्रमा सभा कार्यालयमा स्टाफहरूले धेरै मेहनत गरी रहेका छन, आयोजनहरूमा पनि वृद्धि बारे समिति गठन गरी दिनु होस।

घ) श्री शमशेर थापा, शाखाध्यक्ष जैन्तनवाला – धेरै शाखाहरूमा धर्म तथा समुदाय परिवर्तन गरेका परिवारहरू छन। वहाँहरूको सदस्यता तथा जाति प्रमाणित कसरी गर्ने हो।

ड.) श्री बी.पी.शर्मा, शाखाध्यक्ष बडोवाला (रानी पोखरी) – समाजमा हुने सम्मान कार्यक्रममा अन्य समुदाय या धर्म परिवर्तन गरेका गोर्खाहरूलाई सम्मान न गर्नु होला, निवेदन छ।

च) श्री सी.बी. गुरूंग, शाखाध्यक्ष भगवानपूर– देहरादून सैनिक स्कूल प्रारंभ हुदै छ, धेरै प्रसार गर्ने तथा सबैलाईहरूका दाखिला गर्ने प्रयास गरौ।

छ) श्री जोगेन्द्र शाह, शाखाध्यक्ष विकासनगर – डा. हर्क बहादुर क्षेत्री ज्युले हामी गोर्खाहरूको इतिहास धेरै पूरानो भनेका छन तर ऐतिहासिक प्रमाणिकता प्रस्तुत गर्नु पनि आवश्यक छ।

ज) के. आर.एस. थापा, सहयोजित सदस्य – सभा वितरण गने छात्रवृति तथा दानदाताहरूको छात्रवृतिलाई जाँच समितिले विस्तृतरूपले चयन गरे पछी मात्र चिन्हित गर्नु होला। उत्कृष्ट सेवा दिने शाखाध्यक्षहरूलाई पनि हामीले सम्मान गरि रहनु पर्छ।

झ) कर्नल सी.बी. थापा, पूर्व अध्यक्ष – डा. हर्क बहादुर क्षेत्री ज्युले पूस्तक तथा पत्रिकामा इतिहास सन्दर्भ हरू संकलन भये पछि सभालाई उपलब्ध गराई दिनु होला। यसै गरि गोर्खा ट्रेनिंग सेन्टर तथा सेनाका पल्टनहरूमा हामीले गोर्खा उपलब्धि तथा इतिहासहरू प्राप्त गर्नु पर्ने छ। सबै संकलनहरू प्रेरणा भवनमा प्रदर्शित गर्नु पर्ने छ।

9. अध्यक्ष महोदयको सम्बोधन – अध्यक्षज्यूले अंतरग सभामा उपस्थित महानुभावहरूका आभार व्यक्त गर्नु भयो।

विभिन्न विषयहरूमा छल–फल हुँदा वहाँहरूले आफ्नो–आफ्नो विचार राखेका तथा निष्कर्ष निकालेमा धन्यवाद दिनु भयो। सभाको 84औं स्थापना दिवस को सबै पदाधिकारीहरूले सहयोग गरि रहेका छन, यसलाई सबैले आयोजन भव्य रूपले मनाउने आवहान गर्नु भयो। यस कार्यक्रममा माननीय मुख्यमंत्री उत्तराखण्ड, सांसद दार्जिलिंग श्री राजू विष्ट साथै अन्य विशिष्टजन उपस्थित हुने छन। वहाँहरूको स्वागत सकारमा हामी कमी राख्ने छैनौं। अध्यक्षज्यूले निम्न बून्दाहरूमा अंतरंग सभा समक्ष छलफल तथा संज्ञानमा ल्याउनु भयो :–

क) आसमका डा. हर्क बहादुर क्षेत्रीज्यूले गोर्खाहरूको इतिहासको विवरण सकंलन गरि रहनु भएको छ। वहाँले सभा समक्ष राखेको विचार प्रशंसनीय छ। हामीहरूले पनि उत्तराखण्डमा गोर्खा इतिहास बारे वहाँसित साझा गर्ने छौं। अध्यक्षज्यूले वहाँलाई खादा ओढायेर सम्मान गर्नु भयो तथा वहाँको उज्जवल भविष्यको कामना गर्नु भयो।

ख) गोर्खा पल्टन 4/5 जी.आर.का कमान अधिकारी कर्नल पी. पत्री तथा सु.मेजरले सभालाई दियेको अनुदान तथा छात्रवृति राशि प्राप्त भयेको छ। वहाँलाई पठायेको अनुदानले सभागारमा विद्युत प्रकाश व्यवस्था गरेका छौं तथा स्थापना दिवसमा वहाँले दियेको छात्रवृति राशि पनि वितरण गरि रहेका छौं। 4/5 जी. आर पल्टनका सबै सदस्यहरूलाई धेरै धन्यवाद छ।

ग) पछिलो वर्ष हाम्रो दशैं आयोजनमा मुख्यमंत्री श्री पुष्कर सिंह धामीज्युद्वारा सभाको जीर्णोद्वार निम्ति 51 लाख घोषित राशिको निर्माण लघु सिंचाई विभागले गर्ने छ। वहाँका अभियंताहरूसित निर्माण बारे मंत्रणा चली रहेको छ। प्रथम तलमा मानेक्शा सभागार जस्तो हल बनाउने तय भयो।

घ) समुदाय सेवामा प्रायः वरिष्ठहरू संलिप्त छन, अब युवाहरूको सहभागिता पनि हुनु पर्छ।, वहाँहरूले आफ्नो सफल भविष्य सुनिश्चित गर्नु चाहन्छन तथापि समुदायलाई जागरूक गर्नुमा वहाँको भागीदारी आवश्यक छ। वहाँले समाजको बीचमा–बीचमा समय दिनु जरूरी छ, जसले यो समाज आफै बलियो हुन्छै जान्छ।

कृ) अध्यक्षज्यूले बैंक किराया यथासम्भव क्षेत्रको बजार अनुरूप वृद्धि गर्ने छौं तथा अन्य दुकान किरायदारहरूलाई पनि किराया संशोधन गर्ने छौं। जसको अंतरंग सभाले सम्पुष्टि दिये।

अंतमा अध्यक्षज्यूले अन्तरंग सभामा सौहार्दपूर्ण विचार विमर्श गर्नु तथा शांतिपूर्ण सहयोग को निम्ति उपस्थित महानुभावहरूको आभार व्यक्त गर्नु भयो तथा अंतरंग सभाको समापन घोषणा पनि गर्नु भयो।

## भन्नै पर्ला

उत्तराखण्डमा केहि न केहि कारणले गोर्खाहरुलाई घरि घरि झोंक उठ्छ। कहिले गोर्खासित जोडिएको इतिहासको नाममा, कहिले गोर्खाको अस्तित्वसित जोडिएको घटना इत्यादि। खुशी लाग्छ यस्तो समयमा गोर्खाहरुको एकताले प्रेरित सोसियल मिडियामा हाम्रै समुदायको बिचार र भावना पडन पाँउदा। तर के हामी रिस मात्रै देखाएर राँको जलाएर (मशाल) राँके भूत भगाएको जस्तै गर्ने हो। यो रिस उठने अवसर नै हामीले किन आउन दिनु। यसको समाधान हामी भित्रै छ। अनि स्थानिय सरकारले यस्तो किन गरि रहेछ , हेरौं केहि तथ्यहरु। उत्तराखण्ढले युगौंदेखि आफ्नो अस्तित्वलाई बहुत संघर्षसित बचाएर आएको छ। आफ्नै बिचमा लडाई, कुमाउँ, गढवाल बिचको अशान्ति,

बिदेशीहरुको आक्रमण, गोर्खा, मुसलमान, अंग्रेज सबैले जानेको कुरो हो। अनि सन् 1999 सम्म संयुक्त प्रान्त, (United Provinces अंग्रेज कालमा) त्यस पछि उत्तर प्रदेश (Uttar Pradesh) बाट अलग राज्य बन्यो Uttarakhand जो उनीहरुको अधिकार थियो। गोर्खाहरु पनि लडे उत्तराखण्डको अलग राज्यको आन्दोलनमा, रमाए, नाँचे, उफ्रिए अरुहरु जस्तै जब उत्तराखण्ड राज्य बन्यो गढ़वाली अनि कुमाउनी साथै यस क्षेत्रका सबै समुदायको अस्तित्वको राज्य, उत्तराखण्ड। यस प्रकारको रोष तबै बाट गोर्खा विरुद्ध उठन शुरु भएको थियो। जसको पुष्टि यो उद्घृत, दिनाक 6–12 फरवरि 2002 एउटा पत्रिकामा प्रकाशित पत्रिका बाट लिएको छु''......हामीहरु प्रति उनीहरुको धारणा राम्रो छैन''। गत 28 दिसम्बर 2002 'पंजाब केशरी' पत्रिकामा पनि ''गोर्खाहरु यहाँ अबैद्ध रुपमा जबर्जस्ती बसि रहेका छन्ः यिनीहरुले हाम्रो खेती पाती संस्कृति नष्ट पार्यो, नोकरी चाकरीमा कब्जा जमायो हामी यो सहन गर्न सक्दैनौ.. ''(हाम्रो प्रजाशक्ति 6–12 फरवरि 2002)'' यस बाट यहि असुरक्षित भावना नै झल्किन्छ। अब बात गरौं गोर्खा सित जोडिएकोनामहरुमा बदलाव गर्ने प्रक्रिया सत्य हो। गोर्खाको इतिहास सित जोडिएको ''महेन्द्र ग्राउन्ड'' को नाम हाम्रै आँखाको सामुन्ने बिलियो। त्यस पछि गोर्खाको अस्तित्व सित जोडिएको नामहरु सित पनि हुन सम्मको खेल भइ रहेको छ। भर्खरै कै ''नेपाली तिराहा'' ले पनि सोशियल मिडियामा हामीलाई उचाल्न सम्म उचाल्यो। चुनाव नजिक थियो समाधान भयो। प्राय गोर्खाको हरूको मुद्दामा सरकार चुप्प!! मुख पनि किन खोलोस!! जब उसलाई यस सुमदाय सित केही सरोकार छैन, उसलाई आवश्यकता नै छैन फेरि के को खस् खस। चुनावमा यो गोर्खाहरुले वोट निश्चय यी सरकारहरुको पेवै जस्तै मान्छ। फेरि के को खस् खस्।

कर्नल जीवन कुमार छेत्री

(अवकाश प्राप्त)

## उनी 'बच्चा उस्ताद' नामले प्रसिद्ध थिए

पं. गोपाल लाल श्रेष्ठ शास्त्रीय संगीतमा ख्याल, ठुमरी, ध्रुपद, धमार, टप्पा, कजरी, गजल, भजन आदिका प्रकाण्ड ज्ञानी विद्वान् थिए। आमा श्रीमती चमन श्रेष्ठको कोखबाट 06 जुन 1909 मा जन्म ग्रहण गरेका प. गोपाललाल श्रेष्ठ दुई वर्षको उमेरमा नै कोलकातावासी भएका थिए। यहाँ उनका पिता साब हिरालाल श्रेष्ठ कस्तूरी, हिरामोती आदिको व्यापार गर्थे। पं. गोपाललाल श्रेष्ठले मात्र तीन वर्षको उमेरमा नै आफ्नी आमाद्वारा शास्त्रीय संगीत सिक्न थाले। छ वर्षको आयुबाट उस्ताद रामकृष्ण मिश्राबाट तालिम लिन थाले। 11 वर्षको उमेर रहँदा तत्कालीन पूर्व बँगालका महाराज नाटोरको कोलकातामा अवस्थित दरबारमा सर्वप्रथम आफ्नो कलाको प्रदर्शन गर्ने मौका पाउँदा महाराजले स्वर्ण पदकसहित चाँदीका रूपियाँहरू पुरस्कारस्वरूप प्रदान गरेका थिए।

सन् 1920 मा उनले उस्ताद छुन्नी मिश्राबाट ठुमरी सिके अनि तत्पश्चात् उनी महाराज अवागढ़, उत्तर प्रदेशका दरबारी गायक भए। त्यहाँ नै पं. श्रेष्ठलाई सबैले 'बच्चा उस्ताद'भनी सम्बोधन गर्थे। ततपश्चात् छत्तीसगढका

धरमजय राजाका दरबारी गायक बने। राजाकी एक रानी नेपाली भएकाले महारानीले एक जमिन उपहारस्वरूप प्रदान गरेकी थिइन्। ज्ञात होस् कि पं. गोपाललाल श्रेष्ठले सबै उस्तादहरूबाट 'बनारसी घराना'पद्धतिद्वारा नै शास्त्रीय संगीतको अध्ययन गरेका थिए।

पण्डित गोपाल लाल श्रेष्ठले सन् 1933 मा संगीत सागर नाउँले संगीत स्कुल खोली धेरैलाई संगीत शिक्षा दिन थाले जसमा उनकी भान्जी उर्मिला श्रेष्ठ, सिने तारिका माला सिन्हा, प्रसिद्ध नेपाली गायिका तारादेवी, संजीव बरबरा, मिलन सिंह खाती, लिली सिंह, वाणी सिंह, कृष्णकुमार गहतराज, बिन्दु सिंह, गौतम प्रधान, ममता सिंह, टासी आदि थिए। सन् 1950 को दशकतिर नवीन बर्दोवा द्वारा रचित गीत पं श्रेष्ठले संगीतबद्ध गरे जुन धेरै प्रसिद्ध भयो। गीत थिए–'सन्ध्या तिम्रो रिमझिमतामा' र 'बसूँ कति प्रिय म'। यस–गीतलाई उर्मिला श्रेष्ठले स्वर दिएको थिइन्। उनले आफ्ना ज्वाइँ चन्द्रशेखर श्रेष्ठ(नेपाल)–द्वारा लिखित गीत 'पहाडवासी बनैमा खेली हुर्केकी अकेली' पनि संगीतबद्ध गरेका थिए। भारतका प्रान्तीय शास्त्रीय संगीतका उस्तादहरूझै उनले रागरागिनीहरूलाई आफ्नो सृजना बन्दिसद्वारा 'घरना' भनी प्रस्तुत गरे झैं आफ्नै सृजना बन्दिसद्वारा प्रायः 15–20 वटा रागरागिनी तयार पारेका थिए।

7 जनवरी 2007 मा भारतीय शास्त्रीय संगीतका प्रकाण्ड विद्वान, जातीय गौरव पं. गोपाललाल श्रेष्ठ यस लोकबाट 98 वर्ष सात महिनाको आफ्नो जीवनको अन्तिम सास त्यागी बिदा भए।

उदय ठाकुर

देहरादून

## डा0 पारसमणि प्रधान

भारतमा नेपली भाषालाई सुबोध, सजीलो, मीठो र साहित्यमा सुरूचिपूर्ण बनाउने एकमात्र अहोपुरूसार्थ हुनुहन्छ डा0 पारस मणि प्रधान। नेपाली साहित्य संसारमा स्व0 सूर्य विक्रम ज्ञवाली, धरणीधर शर्मा तथा स्व0 पारसमणि प्रधान ''(सू.ध.पा.)'' प्रख्यात नॉउंहरू छन। प्रधानज्युको जन्म जनवरी 1898 मा कालेबुंग (कालिम्पोंग) मा भएको थियो। पाँच वर्षको उमेर उहांलाई पुदुंग पाठशालामा भर्ती गराइयो। त्यस समयमा पादरी गंगा प्रसादले प्राथमिक कक्षाहरूका पाठ्य पुस्तक लेखिएका प्रधान ज्युले पढनु पाउनु भयो। सन 1917 मा उहांले कौलकाता विश्व विद्यालय देखि मैट्रिक परीक्षा पास गर्नु भयो कालेज को सुविधा जिल्लामा नहुनाले खरसाड. गई डाउनहिल्सको प्राइमरी स्कुलमा शिक्षक नियुक्त हुनु भयो। त्यसै समयमा श्री हरी सिंह थापाले खरसाड.मा हरि प्रिटींग प्रेस खोले। प्रधान ज्युले प्रेसमा पनि काम गर्नु लाग्नुभयो। काममा प्रधान ज्युको लगन र अनुभव हेरेर मालिकले उहांलाई प्रबंधक बनाइ दिए। त्यसै प्रेस बाट 1918 मा प्रधान ज्युको सम्पादनमा म 'चन्द्रिका' साहित्यिक पत्रिका प्रकाशित गर्न थाले। यस पत्रिका द्वारा नेपाली भाषा

एक रूपता तथा शुद्धताको खाँचो बारे आन्दोलन चलाउनु भयो। वहाँले 1919 मा एउटा नेपाली भाषा व्याकरण लेखि डी.पी.आई बाट मंजूर गराउनु भयो। व्यकारण पुस्तक 1920 मा प्रकाशित भयो। त्यसै समयमा कोलकाता विश्व विद्यालयले नेपाली भाषा पढ़ाउनु निम्ती यौटा विषयको रूपमा मान्यता प्रदान गरयो।

उहाँलाई कालेबुंगको स्काटीज युनिवर्सिटी मिशन इन्स्टीटूयटमा नेपाली शिक्षक नियुक्त गरियो। यसको एक बर्ष पछि उहाँलाई शिक्षा विभागको ''सब इन्स्पेक्टर आफ स्कुल'' पदमा नियुक्त भए र दार्जिलिंग सदरमा काम गर्न थाल्नु भयाक। मात्र 22–23 वर्षको उमेरमा, त्यसवेलाको प्रतिकूल स्थितिमा कैयौं समस्याहरू झेलि पदमा उन्नति पाउँदै भाषा साहित्यको विकास गर्ने ठुलो दायित्व उठाएर भाषाको प्रचार प्रति कदम उठाए जुन एउटा प्रशंसनीय कार्य गर्नु भयो मई 1924 को नेपाली साहित्य सम्मेलनमा उहाँलाई मंत्रीको पदमा चुनि जुन उहाँले सन 1932 सम्म सम्हाल्नु भयो। उहाँले भन्नु भयेको थियो कि आफ्नो मातृभाषाको माध्यममा नेपालीहरूले प्राथमिक पाठशाला बाट पढ़नु सुविधा पाउन पर्छ, स्वतंत्र जातित्व को एउटा मुख्य चिन्ह स्वतंत्र भाषा हो। उहाँले सांक्षर र निरक्षर सबैलाई आफ्नो भाषाको महत्व बुझाउने प्रयास गरेका थिए। दिग्गज साहित्यकारहरूले प्रशंसनीय कुरा भन्दा भनेका छन कि साहित्यिको उजाड जस्तो भेकलाई हरियो भरियो बताउने सर्वोपरि व्यक्ति पारसमणि प्रधान नै हुन। उहाँले 1919 देखि 1972 सम्म नेपाली व्याकरण, शब्दकोष, जीवनी, कथा वृतान्तं कविता र नाटक आदिको छब्बीस पुस्तक लेखेर छपाउनु भयो। उहाँले दार्जिलिंगमा नेपाली भाषा पढाउन 89 स्कूल खोल्नु भएको थियो। उहाँको अद्वितीय गुण थियो अध्यव्यवसाय, 88 वर्षको उमेर सम्म पूर्ण जीवनको समयको सदुपयोग गरि भाषाको सेवामा लागि रहनु भयो। उहाँबारे प्रसिद्ध भाषा विद्वान सुनिति कुमार च्याटर्जीले उहाँलाई मात्र साहित्यिक नभनेर एउटा संस्था नै हुन यसकारण उनी सर्वपूज्य, थिए 1969 मा मदन पुरस्कार, 1975 मा र 1981 मा डी. लीट. उपाधिले विभुषित भए। त्रिभवुन र उत्तर बंग विश्व विद्यालयले प्रधान प्रति उद्गार पोख्दै जनाये कि डा. प्रधानले सुनिति कुमार च्याटर्जी प्रति कृतज्ञता जनाउदै उद्गार पोख्दै भन्नु भयो कि उहाँले साहित्य अकादमीमा नेपाली भाषालाई प्रवेश गराएर नेपाली भाषालाई मान्यता दिलाउने बाटो बनाएर गोरखा जातिलाई ठूलो गुण लगाए भयो।

पं. धरणीधर शर्माले आफ्नो कवितामा डा. प्रधान बारे यसरी उदगार पोखेका छन्ः–

पारस मणि प्रधान उद्यमी निज भाषा उन्नति भासेरन्नति प्रेमका धनी, भनेका थिए तिमीमा परमेश्वरले दया गरि बाधा जति हरिदिउन् सदा।

– जे.बी. ठकुरी श्यामपुर











सम्मान



स्मारिका विमोचन



17 अप्रैल 2022, स्थापना दिवस समारोह, गोर्खाली सुधार सभा









स्थापना दिवस समारोह